# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

आवास तथा भौतिक योजना मन्त्रालयका सचिव श्री सन्तबहादुर राई घर बिदामा बस्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री गौरीनाथ रिमाललाई मिति २०४७।९।२४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना १

श्री ५ को सरकारले मिति २०४७।८।१८ को निर्णयानुसार श्री रिपुजीत केशरी पाण्डेलाई नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिवस्तर) को पदमा पुनस्थापन गरी सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा पदस्थापन गरेको छ ।

आज्ञाले,
विष्णुप्रसाद खत्री
सह-सचिव

3CC



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।